आज मिति २०७८ साल चैत्र महिनाको ७ गते सोमवार का दिन यस बेसीशहर नगरपालिका नगर कार्यपालिका का नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा विभिन्न विषयमा नगरपालिकाको ८० औं ५ बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

उपस्थितिहरू :–

१, प्रमुख श्री गुमान सिंह अर्याल
२, उप - प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३, प्र. प्र. अधिकृत श्री इमनाथ कडेल
४, वडा अध्यक्ष वडा नं.(१) श्री बलराम श्रेष्ठ
५, — ,, — (२) श्री गणेश बहादुर कडेल
६, — ,, — (३) श्री सुर्य कुमार श्रेष्ठ
७, — ,, — (४) श्री लालवीर गुरुङ
८, — ,, — (५) श्री बम बहादुर गुरुङ
९, — ,, — (६) श्री भोज बहादुर रिमाल
१०, — ,, — (७) श्री गोविन्द बस्नेत
११, — ,, — (८) श्री पवित्रा थापा राना
१२, — ,, — (९) श्री शरद बराल
१३, — ,, — (१०) श्री पुर्ण बहादुर थापा
१४, — ,, — (११) श्री अच्युत बाबु बगाले
१५, कार्यपालिका सदस्य श्री विष्णु माया राना
१६, — ,, — श्री मन्दिरा दनाई
१७, — ,, — श्री देव बहादुर गहतराज
१८, — ,, — श्री अजय मजाकोटी
१९, — ,, — श्री मन माया गुरुङ
२०, — ,, — श्री दोज बहादुर खवास
२१, — ,, — श्री कृष्ण नेपाली
२२, — ,, — श्री आशा तामाङ

सहजकर्ता कर्मचारीहरू :–

२३, कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४, अधिकृत श्री विमला गैह्रे
२५, ना. सु. (सहायकस्तर पाँचौं) श्री गोविन्द बहादुर राउत

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७८ चैत ७ गतेको बैठकका एजेण्डाहरु***

१. संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा ।
२. प्रदेश समपुरक र विशेष अनुदानतर्फ आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।
३. आवधिक योजना सम्बन्धमा ।
४. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।
५. नगर यातायात गुरुयोजना (MTMP) सम्बन्धमा । (
६. नगर यातायात गुरु योजना निर्माण टीमलाई सहयोग सम्बन्धमा ।
७. सीप विकास तालिमको सम्बन्धमा ।
८. पुरानोकोट भ्यूटावरको रकम माग तथा म्याद थप सम्बन्धमा ।
९. विद्युततर्फको बजेट सम्बन्धमा ।
१०. सञ्चार क्षेत्र सुदृढीकरण कार्यक्रम सम्बन्धमा ।
११. मैयुम पुमाखोला पुल निर्माणको लागि अनुरोध गर्ने सम्बन्धमा ।
१२. डिजिटल डिस्प्ले बोर्ड ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।
१३. सम्मान कार्यक्रम सम्बन्धमा ।
१४. सुत्केरी पोषण कार्यक्रमको सम्बन्धमा ।
१५. योजना संशोधन/ब्रेक डाउन सम्बन्धमा
१६. ११ नं वडा कार्यालयको सेवा केन्द्र सञ्चालन सम्बन्धमा ।
१७. निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।
१८. शिक्षक व्यवस्थापन सम्बन्धमा ।
१९. सडक बोर्डको कार्यक्रम सम्बन्धमा
२०. नगरपालिकाको खाता नेपाल बैंक लिमिटेडबाट गर्न अनुरोध गर्ने सम्बन्धमा ।
२१. कन्टिन्जेन्सीतर्फको कार्यक्रम सम्बन्धमा ।
२२. विविध

- बेसीशहर खानेपानी उपभोक्ता समितिको अधिवेशन सम्बन्धमा ।
- तोक आदेशका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
- नगर शिक्षा समितिमा प्रतिनिधि छनौट सम्बन्धमा ।
- कर्पुरेश्वर पार्क सरसफाइकर्ताको पारिश्रमिक हेरफेर सम्बन्धमा ।
- पुनः सर्वेक्षण गर्न अनुरोध गर्ने सम्बन्धमा ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/१२/०७ गतेको बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १: संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको चालु आ.व. २०७८/०७९ मा गरिएको संस्थागत क्षमता स्वमूल्याङ्कनबाट प्राप्त भएको देहाय वमोजिमको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय :

जम्मा औषत प्राप्ताङ्क : ७३.७५%

समग्र स्थिति : ७७.३८%

प्रक्रियागत स्थिति ७२.०६%

परिमाणात्मक स्थिति : ७३.३३%

**विषयक्षेत्रगत प्राप्ताङ्क**

१.शासकीय प्रवन्ध : ९४.४४%

२.संगठन तथा प्रशासन : ७१.८८

३.वार्षिक बजेट तथा योजना व्यवस्थापन : ५९.०९%

४.वित्तीय एवम् आर्थिक व्यवस्थापन : ८१.८२%

५.सेवा प्रवाह : ६२.५०%

६.न्यायिक कार्य सम्पादन : १००%

७.भौतिक पूर्वाधार : ७३.०८%

८.सामाजिक समावेशीकरण : ७०%

९.वातावरण संरक्षण तथा विपद व्यवस्थापन : ७७.७८%

१०.सहकार्य र समन्वय : ५८.३३%

**निर्णय नं. २: प्रदेश समपुरक र विशेष अनुदानतर्फ आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालय पोखराको च.नं. ५२१, मिति २०७८/१२/०१ को प्राप्त पत्रानुसार आगामी आर्थिक बर्ष २०७९/०८० को अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत समपुरक र विशेष अनुदानतर्फ प्राथमिकताका आधारमा देहायका योजनाहरु छनौट गरी आवश्यक कागजात सहित निर्धारित म्याद भित्र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

देहाय :

**(क) समपुरक अनुदानतर्फ :**

१. जिल्ला अस्पताल चोकदेखि मर्स्याङ्दी नदि मोटरेवल पुल सम्मको सडक स्तरोन्नति, बेनपा ८

२. धुरपुरे दिहीथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक स्तरोन्नति, बेनपा ९

३. उदिपुर नयाँगाउँ सडक स्तरोन्नति, बेनपा १

**(ख) विशेष अनुदानतर्फ :**

१. शहरी स्वास्थ्य केन्द्र भवन निर्माण, बेनपा ११ रामचोकबेसी

२. खाँचे खानेपानी योजना, बेनपा १०

३. थारचौर पासाचौर सिन्चाई योजना, बेनपा १०

**निर्णय नं. ३ : आवधिक योजना सम्बन्धमा ।**

"पर्यटन, कृषि, पूर्वाधार एवम् रोजगार-सभ्य, समृद्ध र सुखी बेसीशहर नगरपालिकाको मूल आधार" भन्ने दीर्घकालिन सोचका साथ Universal Sustainable Development Consultancy को सहयोगमा बेसीशहर नगरपालिकाद्वारा तयार गरिएको बेसीशहर नगरपालिकाको पाँच वर्षे आवधिक योजना (आ.व. २०७९।८०-आ.व. २०८३।८४) स्वीकृत गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/१२/०७ गतेको बैठक

**निर्णय नं. ४ : संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।**
विकास व्यवस्थापन परामर्श सेवा भन्ने संस्थाको सहयोगमा तयार गरिएको बेसीशहर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M survey) प्रतिवेदन २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : नगर यातायात गुरुयोजना (MTMP) सम्बन्धमा ।**
एडभान्स कलेजका सिभिल इन्जिनियरिङमा अध्ययनरत विद्यार्थीहरुले आफ्नो फिल्ड कार्य अन्तर्गत बेसीशहर नगरपालिकाको नगर यातायात गुरुयोजना (MTMP) तयार गरेको र उक्त प्रतिवेदन फिल्डमा बस्तुगत यथार्थताको आधारमा तयार भएको हुँदा यस नगर यातायात गुरुयोजनालाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : नगर यातायात गुरु योजना निर्माण टीमलाई सहयोग सम्बन्धमा ।**
बेसीशहर नगरपालिकाको नगर यातायात गुरुयोजना निर्माण कार्यमा लामो समय फिल्डमा खटिएर कार्य गरेवापत प्रोत्साहन स्वरुप उक्त टीमलाई खाना बास तथा यातायात खर्च वापत रु. १ लाख सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : सीप विकास तालिम सम्बन्धमा ।**
सीप विकास तालिम अन्तर्गत हलुका सवारी साधन र ब्युटिसियन तालिमको लागि देहाय वमोजिमका सेवा प्रदायक संस्थाहरु छनौट गर्ने साथै उक्त संस्थाहरुसंग सम्झौता गरी तत्काल कार्य अघि बढाउने निर्णय गरियो ।

देहाय :

**(क)हलुका सवारी चालक (ड्राइभिङ) तालिम १ महिने**

| क्र.सं | सेवा प्रदायक संस्थाको नाम | ठेगाना | प्रशिक्षार्थी संख्या | प्रति सहभागी दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | कालिका ड्राइभिङ इन्स्टिच्युट | बेनपा ८ | ९० | १०००० | ९००००० |
| २ | मदरल्याण्ड ड्राइभिङ ट्रेनिङ सेन्टर | बेनपा ७ | ६० | १०००० | ६००००० |
| | **जम्मा** | | | | १५००००० |

**(क)ब्युटिसिएन तालिम ३ महिने**

| क्र.सं | सेवा प्रदायक संस्थाको नाम | ठेगाना | प्रशिक्षार्थी संख्या | प्रति सहभागी दर (३ महिनाको) | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | एन्जिला ब्युटीपार्लर एण्ड ट्रेनिङ सेन्टर (तिर्थकुमारी घले श्रेष्ठ) | बेनपा ७ | १८ | १२५०० | २२५००० |
| २ | न्यू लुक ब्युटीपार्लर (विसु श्रेष्ठ) | बेनपा ८ | १८ | १२५०० | २२५००० |
| ३ | दुर्गा व्युटीपार्लर प्रशिक्षण केन्द्र ( रिता घले) | बेनपा ७ | १३ | १२५०० | १६२५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | डर्मा ब्युटी हव एण्ड ट्रेनिङ सेन्टर (ममिता तामाङ गुरुङ) | बेनपा ८ | १३ | १२५०० | १६२५०० |
| ५. | सिर्जना ब्युटीपार्लर (सिर्जना गुरुङ) | बेनपा ८ | ८ | १२५०० | १००००० |
| | **जम्मा** | | ७० | | ८७५००० |

**निर्णय नं. ८ : भ्यूटावरको रकम माग तथा म्याद थप सम्बन्धमा ।**

नेपाल सरकार संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र बेसीशहर नगरपालिकाको लागत साझेदारीमा यस बेसीशहर नगरपालिका वडा नं ४ मा निर्माणाधिन शान्तिस्तुपा सहितको भ्यू टावर निर्माणको ठेक्का सम्झौताको म्याद २०७९ असार मसान्तसम्म थप गर्ने र यस बारे उक्त मन्त्रालयलाई जानकारी गराउने साथै तहाँ मन्त्रालयबाट सम्झौता वमोजिमको व्यहोर्नु पर्ने रकम निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : विद्युततर्फको बजेट सम्बन्धमा ।**

चालु आ.व. २०७८।०७९ मा विद्युत सेवा विस्तार र स्तरोन्नति कार्यक्रमतर्फ विनियोजित बजेट रु.७ लाख ५० हजारबाट नगरपालिका प्रवेशद्वार र उदीपुर बजार क्षेत्र तथा बेसीशहर बजार क्षेत्रको बाँकी रहेका स्थानमा सडक बत्ती जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : सञ्चार क्षेत्र सुदृढीकरण कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व.मा सञ्चार क्षेत्र सुदृढीकरण कार्यक्रमतर्फ विनियोजित बजेटका सम्बन्धमा बेसीशहर नगरपालिका भित्र रहेका सञ्चार गृह, सञ्चार माध्यमहरु, पत्रकार महासंघसंग छलफल गरी कार्यक्रम निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : मैयुम पुमाखोला पुल निर्माणको लागि अनुरोध गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका स्थित युनिभर्सल चोकदेखि मकैडाँडा हुँदै बेसीशहर चामे सडकको खुदीमा जोडिने मोटरबाटो मनाङ जाने बैकल्पिक सडक समेत भएको र यसै सडकखण्ड अन्तर्गत बेसीशहर नगरपालिका वडा नं ६ र ७ को सिमानामा पर्ने मैयुमको पुमाखोलामा मोटरेवल पुल निर्माणको अति नै आवश्यकता भएको तर हालसम्म पुल निर्माणको लागि बजेट नपरेको हुँदा नगरपालिकाको पहिलो प्राथमिकतमा रहेको तर नगरपालिकाको क्षमताले निर्माण गर्न नसकिएको यस पुल निर्माणको लागि आवश्यक बजेट व्यवस्था हुन नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : डिजिटल डिस्प्ले बोर्ड ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ६ मा जडान गरिने डिस्प्ले बोर्डको ठेक्का सम्झौताको म्याद २०७९ वैशाख मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : सम्मान तथा आवास सहयोग कार्यक्रम सम्बन्धमा ।**

(क)चालु आ.व.मा सर्जक तथा सामाजिक व्यक्तित्व सम्मान तथा आवास सहयोग कार्यक्रम अन्तर्गत विनियोजित बजेटलाई देहाय वमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

१ लोकगायिका (राष्ट्रिय कलाकार) माया गुरुङको आवास (संग्रहालयको रुपमा ) निर्माण बेनपा ५, रु. ३०००००।-

२ व्यक्तित्व सम्मान कार्यक्रम रु. ३०००००।-

(ख) बेसीशहर नगरपालिका स्थायी ठेगाना भई विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका र नगरपालिका भित्र विभिन्न क्षेत्रमा कार्यरत सर्वोत्कृष्ट व्यक्तित्वहरुलाई नगरपालिकाबाट सम्मान गर्ने कार्यको लागि विधा र व्यक्ति छनौटको लागि देहाय वमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

देहाय :

संयोजक : श्री लक्ष्मीदेवी अधिकारी नगर उपप्रमुख बेसीशहर नगरपालिका

सदस्य : श्री इमनाथ कँडेल प्रमुख प्रशासकीय अधिकृत, बेसीशहर नगरपालिका

सदस्य सचिव : श्री मेघेन्द्र पोखरेल कार्यक्रम अधिकृत, बेसीशहर नगरपालिका

**निर्णय नं. १४ : सुत्केरी पोषण कार्यक्रमको सम्बन्धमा ।**

चालु आव २०७८।७९ मा सुत्केरी आमा र बच्चाहरुको लागि लक्षित गरी शुरुवात गरिएको सुत्केरी पोषण कार्यक्रम कार्यान्वयन गर्न बाँकी रहेका वडाहरुले यथाशिघ्र कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ : योजना संशोधन/ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व.२०७८।०७९ का देहाय वमोजिमका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १.एन्काचोंदेखि लेदेम्रो गोरेटो बाटो निर्माण बेनपा ५ | २००००० | १.एन्काचोंदेखि लेदेम्रो मोटरबाटो निर्माण बेनपा ५ | २००००० |
| २.बाखेजगत सेवा केन्द्र घेराबार बेनपा ५ (नगरस्तरीय) | १५०००० | २.वडा नं ५ र सेवा केन्द्र भवनमा इन्भटर र ब्याट्री व्यवस्थापन बेनपा ५ | १५०००० |
| ३.विविध फुटकर खर्च, बेनपा ५ | ३६०००० | ३.१.पोदोस्वाँरादेखि पुरानोगाउँसम्म मोटरबाटो स्तरोन्नति बेनपा ५<br>३.२ सूर्यमुखी दलित सामुदायिक भवन भाँडबर्तन खरीद बेनपा ५<br>३.३ सेवा केन्द्र खानेपानी व्यवस्थापन बेनपा ५ | २६००००<br>४००००<br>६०००० |
| ४.कमलटारी सडक मर्मत, बेनपा ३ (कापा बैठक) | ७५००० | ४.कमलटारी गोरेटो बाटो निर्माण बेनपा ३ | ७५००० |
| ५.दारेगौंडा सडक मर्मत बेनपा ३ ( कापा बैठक) | ६०००० | ५.दारेगौंडा गोरेटो बाटो मर्मत बेनपा ३ | ६०००० |
| ६.विपद् व्यवस्थापन/विविध योजना बेनपा ३ | ५७७००० | ६.कालिका भगवति मन्दिर सहयोग, बेनपा ३ | ३०००० |

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| ७. लोपोन्मुख संस्कृति उत्थान पुरानोकोट बेनपा ४ | ५०००० | ७. बाखेजगत पुरानोकोट सडक खण्डमा जाली भर्ने, बेनपा ४ (भिर मुनि) | ५०००० |
| ८. न्यू देउराली तमु भवन सिंढी निर्माण बेनपा २ | २००००० | ८. न्यू देउराली तमु भवन ट्रस निर्माण बेनपा २ | २००००० |
| ९. विपद व्यवस्थापन तथा फुटकर खर्च बेनपा १ | ५००००० | ९.१ जनकल्याण मावि साउण्ड सिष्टम जडान बेनपा १<br>९.२ क्यान्सर पीडित कोपिला जोशीलाई उपचार खर्च<br>९.३ मानसिक विरामी मनोज सुवेदी, कृष्ण बहादुर मगर र विरजंग गुरुङलाई उपचार खर्च<br>९.४ कालिका महिला वचत तथा ऋण सहकारी संस्था महिला दिवस कार्यक्रम<br>९.५ विभिन्न व्यक्तिहरुलाई खाद्यान्न वितरण | ६००००<br>१००००<br>१५०००<br>१००००<br>१४५७० |
| १०.मुश्लिम घाट व्यवस्थापन बेनपा ८ (नपास्तरीय) | २००००० | १०. मस्जिद भवन स्तरोन्नति बेनपा ७ | २००००० |
| ११. सेरा दनाईफाँट बस्ती प्लानिङ बेनपा ८ (नपास्तरीय) | ५००००० | ११.१ मगर संघ शौचालय निर्माण बेनपा ८<br>११.२साउनेखोला नाली व्यवस्थापन बेनपा ८<br>११.३ मलामी बस्ने पार्टी मर्मत सम्भार बेनपा ८ (मर्स्याङ्दी नदि किनार) | ३५००००<br>१०००००<br>५०००० |
| १२.बसकाउण्टर तल सडकबाट ध्रुव घिमिरेको घरसम्म सिंढी निर्माण बेनपा ८ (कापा बैठक) | ५०००० | १२.मजुवाखोला पुल संरक्षण (अपुरो योजना) | ५०००० |
| १३.गणेश मन्दिर तल सिंढी निर्माण बेनपा ८ (कापा बैठक) | १००००० | १३.सरस्वती आमा समुह भवन ट्रस निर्माण बेनपा ८ | १००००० |
| १४. मगर समाज भवन गैराथोक बेनपा ११ | १००००० | १४. मगर समाज भवन सामान खरिद बेनपा ११ गैराथोक | १००००० |
| १५.१ स्वास्थ्यतर्फ बेनपा ११ को ५ लाख मध्येबाट वडा कार्यालय स्वास्थ्य सामाग्री खरिद<br>१५.२ विविध तथा कार्यालय सामान खरिद बेनपा ११ को २ लाख ३३ हजार मध्येबाट आँखा र दाँत शिविर खाजा खर्च (कापा बैठक ०७८।८।७ को निर्णय) | ५५०००<br>५०००० | १५.स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन बेनपा ११ | १०५००० |

**निर्णय नं. १६ : ११ नं वडा कार्यालयको सेवा केन्द्र सञ्चालन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ रामचोकबेसीमा स्वास्थ्य सेवा केन्द्र र वडा सेवा केन्द्र सञ्चालन गर्ने कार्यपालिकाको गत बैठकको निर्णय वमोजिम वडा समितिको निर्णय समेतका आधारमा हाललाई रामचोकबेसी उपल्लो टारमा सरिता श्रेष्ठको घरको ३ कोठा मासिक रु ५ हजारका दरले भाडामा लिई सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ : निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।**

प्रक्रिया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

देहाय :

(क) जी.टी. कन्स्ट्रक्शन, बेसीशहर नपा- ७ लमजुङ (प्रो. श्री गणेश थापा बेनपा १०)

**निर्णय नं १८ : शिक्षक व्यवस्थापन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाका देहायका विद्यालयहरुमा शिक्षकहरुको दरबन्दी रिक्त रहेको हुँदा पठन पाठनका क्रियाकलापमा कठिनाई उत्पन्न भएको र अन्य विद्यालयहरुबाट शिक्षकहरुको सरुवा गरी शिक्षक व्यवस्थापन गर्न पनि व्यवहारिक कठिनाइहरु देखिएको हुँदा नगरपालिकाको आन्तरिक फुटकर शिर्षकबाट २०७८ चैतदेखि २०७९ असारसम्म शिक्षक भर्ना गरी प्रति शिक्षक मासिक रु. १५,०००।- (पन्ध्र हजार मात्र) का दरले पारिश्रमिक पाउने गरी ४ महिनाको लागि आन्तरिक श्रोतको फुटकर शिर्षकबाट शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

१. श्री जनजागृति मा.वि. बेनपा १० खासुरबेसी रु. ६००००।-

२. श्री चन्द्रज्योती आधारभूत विद्यालय बेनपा ९ विम्दाबेसी रु. ६००००।-

साथै कार्यपालिका बैठकबाट बौद्ध मिलन प्रा.वि. बेनपा ५, बाखेजगत रु.७५०००।- को निर्णयलाई रद्ध गर्ने ।

**निर्णय नं १९ : सडक बोर्डको कार्यक्रम सम्बन्धमा ।**

सडक बोर्ड नेपाल मिनभवन काठमाण्डौको च.नं ९४९ मिति २०७८/११/११ को प्राप्त पत्रानुसार स्थानीय सडक मर्मत सम्भार कार्यको लागि व.उ.शि. नं ३३७३१०११३ बाट देहायका सडकहरुको लागि रु.१ करोड ६० लाख बजेट स्वीकृत भएको जानकारी प्राप्त भएको हुँदा सडक बोर्डको सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शन वमोजिम निर्धारित समयभित्रै बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.सं | सडकको नाम | कामको विवरण | समपुरक कोष रु. | सडक बोर्डको रकम रु | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | मर्स्याङ्दी नदि पुल पहुँच सडक (रिठ्ठेबगर उदिपुर सडक) | बाढीपैह्रोबाट क्षतिग्रस्त सडकको मर्मत | ३८५७१४२.८६ | ९०००००० | १२८५७१४२.८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | मर्स्याङ्दी पुल- चिती तिलाहार सडक | बगाएको सडकको पुनर्स्थापना | २१००००० | ४९००००० | ७०००००० |
| ३. | चित्रे- बानियापँधेरो सडक | सडक मर्मतसम्भार | ३००००० | ७००००० | १०००००० |
| ४. | रामचोक (बरालचौतारो) त्रिवेणी सडक | सडक मर्मत | ६००००० | १४००००० | २०००००० |
| | जम्मा | | ६८५७१४२.८६ | १६०००००० | २२८५७१४२.८६ |

**निर्णय नं २० : नगरपालिकाको खाता नेपाल बैंक लिमिटेडबाट गर्न अनुरोध गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको खाता हालसम्म राष्ट्रिय वाणिज्य बैंकमा सञ्चालन हुँदै आएकोमा अझ बढी छिटो, छरितो एवम् प्रभावकारी सेवा प्राप्त होस् भन्ने हेतुले नेपाल बैंक लिमिटेडबाट बेसीशहर नगरपालिकाको खाता सञ्चालन गर्ने अनुमतिको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २१ : कन्टिन्जेन्सीतर्फको कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व. २०७८।७९ को कन्टिन्जेन्सीतर्फको कार्यक्रम देहाय वमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

१.कर्मचारी प्रोत्साहन प्राविधिक कर्मचारी रु. ८,००,०००।-
२.इन्धन खर्च रु. १,००,०००।-
३. मसलन्द तथा कार्यालय सामान रु.३,००,०००।-
४.अनुगमन मूल्यांकन खर्च रु. १,००,०००।-
५. मेसिनरी तथा औजार रु.२,००,०००।-
६. फर्निचर तथा फिक्स्चर्स रु.४,०३,३४०।-
७.पूँजीगत परामर्श खर्च योजना सर्भे रु.१०००००।-

**निर्णय नं २२ : बेसीशहर खानेपानी उपभोक्ता समितिको अधिवेशन सम्बन्धमा ।**

बेसीशहर खानेपानी उपभोक्ता समितिको यही २०७८ चैत १८ र १९ मा गर्ने भनिएको ५ औं अधिवेशन एवम् ११ औं साधरण सभाको सम्बन्धमा यस बैठकमा छलफल हुँदा २०७९ बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको चुनावका कारण पार्टीगत रुपमा पक्ष विपक्ष भई चुनावी प्रतिस्पर्धामा लाग्ने समयमा खानेपानी उपभोक्ता समिति जस्तो तटस्थ रहनु पर्ने संस्था प्रभावित हुन जाने देखिएको अवस्थामा अधिवेशन गर्न उपयुक्त नदेखिएको हुँदा सो अधिवेशन स्थानीय तहको चुनाव पश्चात सम्पन्न गर्न बेसीशहर खानेपानी उपभोक्ता समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २३ : तोक आदेशका निर्णयहरु अनुमोदन सम्बन्धमा ।**

दशौं नगरसभादेखि हालसम्म बेला बखत नगर प्रमुखबाट तोक आदेशबाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २४ : नगर शिक्षा समितिमा प्रतिनिधि छनौट सम्बन्धमा ।**

बेसीशहर नगर शिक्षा समितिको सदस्यमा कार्यपालिकाको तर्फबाट देहाय वमोजिमका प्रतिनिधिहरु छनौट गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/१२/०७ गतेको बैठक

१ श्री बलराम श्रेष्ठ वडाध्यक्ष बेनपा १

२ श्री देव बहादुर गहतराज कार्यपालिका सदस्य बेनपा १०

३ श्री प्रतमाया गुरुङ कार्यपालिका सदस्य बे.न.पा. ८

**निर्णय नं २५ : कर्पुरेश्वर पार्क सरसफाइकर्ताको पारिश्रमिक हेरफेर सम्बन्धमा ।**

बेसीशहर ८ मा रहेको कर्पुरेश्वर पार्कको सरसफाई तथा रेखदेखको लागि राखिएको सरसफाइकर्ताको पारिश्रमिक २०७८ चैतबाट लागु हुने गरी रु. १५,०००।- निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं २६ : पुनः सर्वेक्षण गर्न अनुरोध गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको समन्वयमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट गरीब घरपरिवार पहिचान तथा परिचय पत्र वितरणको लागि लिइएको तथ्यांकमा पर्नु पर्ने घरपरिवार छुटेका तथा पर्नु नपर्ने घरपरिवारहरु पर्न गएको कारण समस्या सिर्जना भएको भन्ने वडाहरुको गुनासो समेतको आधारमा वास्तविक विपन्न घरपरिवारको पहिचानको लागि पुनः सर्वेक्षण गर्ने व्यवस्था हुन उक्त मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।